# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, जेठ २६ गते २०३८ साल


श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

नेपाल कानून सुधार आयोगद्वारा प्रस्तावित "मध्यस्थता ऐन" को मसौदामा सर्वसाधारण जनता, कानून व्यवसायी तथा सरकारी कार्यालयहरूको राय बुझी आवश्यक भएमा संशोधनसमेत गरी अन्तिम रूप दिनको लागि उक्त ऐनको मसौदा प्रकाशित गरिएको छ। यो मसौदा नेपाल राजपत्रमा प्रकाशित भएको मितिले ३० (तीस) दिन-भित्र यस मन्त्रालयमा आइपुग्ने गरी आफ्नो सुझाव पठाउन सर्वसाधारण जनता, कानून व्यवसायी तथा सरकारी कार्यालयहरूलाई अनुरोध गरिन्छ।

"मध्यस्थता ऐन, २०३..."

मध्यस्थता सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक

मसौदा

प्रस्तावनाः मध्यस्थता सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।



५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम "मध्यस्थता ऐन, २०३.." रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो ऐनमा,–

(क) "सम्झौता" भन्नाले मध्यस्थता गर्ने व्यक्तिको नाम जनाई वा नजनाई वर्तमान वा भविष्यको विवादलाई मध्यस्थद्वारा निणय गराउनको लागि पक्षहरूको बीच भएको करारनामा सम्झनुपर्छ ।

(ख) "सम्बन्धित क्षेत्रीय अदालत" भन्नाले मध्यस्थता हुने वा गरिने क्षेत्रका क्षेत्रीय अदालत सम्झनुपर्छ ।

(ग) "जिल्ला अदालत" भन्नाले निम्नलिखित कुनै जिल्ला अदालत सम्झनुपर्छ ।

(१) मध्यस्थता गराउने पक्षहरूले मध्यस्थताको कामको लागि तोकेको जिल्लाको जिल्ला अदालत, र

(२) सोबमोजिम कुनै जिल्ला नतोकेको भए सम्झौता भएको वा विवाद उठेको जिल्लाको जिल्ला अदालत वा मध्यस्थतासंग सम्बन्धित कुनै पक्षको बसोवास भएको जिल्लाको जिल्ला अदालत ।

(घ) "मध्यस्थ" भन्नाले मुख्य मध्यस्थ समेतलाई जनाउँछ ।

३. मध्यस्थता गराउन सकिने विवादः दुई वा बहुपक्षीय सम्झौता अन्तर्गतको कुनै विवाद सोही सम्झौतामा उल्लेख भए अनुसार मध्यस्थताद्वारा निर्णय गराउन सकिने छ ।

४. मध्यस्थको संख्याः (१) सम्झौतामा मध्यस्थ संख्या तोकिएकोमा सोहीबमोजिम र नतोकिएकोमा एकजना मात्र मध्यस्थ रहनेछ ।

(२) सम्झौताबमोजिम नियुक्त हुने मध्यस्थको संख्या सम भएमा त्यस्ता मध्यस्थहरूले रोजेको कुनै एक व्यक्ति थपी मध्यस्थको संख्या विसम गर्नु पर्नेछ ।

(३) एकजनाभन्दा बढी मध्यस्थहरू भएकोमा सम्झौतामा नै मुख्य मध्यस्थ छान्ने व्यवस्था रहेकोमा सोहीबमोजिम र नरहेकोमा मध्यस्थ हुने व्यक्तिहरूले रोजेको मध्यस्थ मुख्य मध्यस्थ हुनेछ ।

५ मध्यस्थ नियुक्ति विधिः (१) सम्झौतामा मध्यस्थ नियुक्त गर्ने विधि उल्लेख भएको रहेछ भने सोही अनुसार मध्यस्थ नियक्त हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सम्झौताबमोजिमको विधि अपनाउँदा मध्यस्थ नियुक्त हुन नसकेमा वा सम्झौतामा मध्यस्थ नियुक्त गर्ने विधि उल्लेख नभएकोमा मध्यस्थ नियुक्त गरी पाउँ भनी सम्झौताको कुनै पक्षले जिल्ला अदालतमा निवेदन दिन सक्नेछ। त्यस्तो निवेदनपत्र प्राप्त भएमा जिल्ला अदालतले मध्यस्थ नियुक्त गरिदिनेछ।

(३) जिल्ला अदालतले मध्यस्थ नियुक्त गर्दा यथासंभव पक्षहरूको राय बुझी पक्षहरूको मतैक्य भएमा निजहरूले मन्जूर गरेको व्यक्तिलाई नै मध्यस्थ नियुक्त गर्नुपर्छ। पक्षहरूको राय बुझ्दा त्यस सम्बन्धमा निजहरूको मतैक्य हुन नसकेमा जिल्ला अदालतले उपयुक्त सम्झेको व्यक्तिलाई मध्यस्थ नियुक्त गर्नेछ।

६. मध्यस्थ हुनेहरूको लगत राख्ने: स्थानीय व्यापार वा उद्योगसंग सम्बन्धित संघ संस्थाहरूको सिफारिश लिई जिल्ला अदालतले मध्यस्थ हुन उपयुक्त देखिएका व्यक्तिहरूको नाम, थर, पेशा र वतन खुलाई लगत तयार गरी राख्न सक्नेछ। तर लगतमा नपरेको कुनै व्यक्ति मध्यस्थ नियुक्त भएको कारणले मात्र त्यस्तो नियुक्ति बदर हुने छैन।

७. विशेष परिस्थितिमा मध्यस्थको पूर्ति: (१) नियुक्त भएको मध्यस्थले मध्यस्थ हुन इन्कार गरी वा मध्यस्थको मृत्यु भई वा मध्यस्थलाई अदालतले हटाई वा अन्य कुनै कारण परी कुनै मध्यस्थको स्थान रिक्त हुन गएमा शुरूमा जसरी सो मध्यस्थ नियुक्त गरिएको हो सोहीबमोजिम पन्ध्र दिनभित्र अर्को मध्यस्थ नियुक्त गरी सो स्थानको पूर्ति गरिनेछ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र अर्को मध्यस्थ नियुक्त नभएमा कुनै मध्यस्थ वा सम्झौताको कुनै पक्षले जिल्ला अदालतमा निवेदन दिन सक्नेछ र त्यस्तो निवेदनपत्र परेमा जिल्ला अदालतले पन्ध्र दिनभित्र अर्को मध्यस्थ नियुक्त गरी दिनेछ।

८. मध्यस्थ हुनको लागि अयोग्यता: प्रचलित कानूनबमोजिम करार गर्न अयोग्य भएको व्यक्ति र मध्यस्थता सम्बन्धी विषयमा कुनै स्वार्थ भएको व्यक्ति मध्यस्थ हुन सक्ने छैन।

९. मध्यस्थलाई हटाउन सकिने अवस्था: (१) देहायको कुनै अवस्था देखाई कुनै मध्यस्थलाई हटाई पाउँ भनी कुनै पक्षको जिल्ला अदालतमा निवेदन परी जिल्ला अदालतले निवेदनको व्यहोरा मनासिब ठहराएमा मध्यस्थलाई हटाउने आदेश दिन सक्नेछ:–

(क) मध्यस्थता सम्बन्धी कारवाईमा अनुचित आचरण गरेको छ भन्ने, वा

(ख) निष्पक्ष रूपले मध्यस्थको काम गरेको छैन भन्ने, वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) मध्यस्थता गर्नु पर्ने विषयमा मध्यस्थको गुप्त स्वार्थ छ भन्ने, वा

(घ) मध्यस्थतासंग सम्बन्धित कुनै पक्षसंग प्रवृत्त रहेको छ भन्ने ।

(२) उपदफा (१) मा लेखिएबमोजिम बाहेक मध्यस्थतासंग सम्बन्धित पक्ष वा पक्षहरूले मध्यस्थलाई हटाउन पाउने छैनन् ।

१०. मध्यस्थको कार्यालयः मध्यस्थको कार्यालय देहायको अवस्थामा देहायमा उल्लेखित स्थानमा अवस्थित हुनेछः–

(क) सम्झौतामा मध्यस्थको कार्यालय रहने स्थान उल्लेख भए सोही स्थानमा,

(ख) सम्झौतामा त्यस्तो स्थानको उल्लेख नभएकोमा पक्षहरूले तोकी दिएको स्थानमा , र

(ग) पक्षहरूले पनि मनासिब समयभित्र त्यस्तो स्थान तोकी नदिएमा वा त्यस सम्बन्धमा पक्षहरूको बीच मतैक्य नभएमा मध्यस्थ आफैंले तोकेको स्थानमा ।

११. लिखत इत्यादि पेश गर्नेः (१) सम्झौतामा नै मध्यस्थ हुने व्यक्तिको नाउँ उल्लेख भएकोमा विवाद खडा भएको मितिले र विवाद खडा भएपछि मध्यस्थ नियुक्त भएकोमा त्यसरी नियुक्त भएकोमा त्यसरी नियुक्त भएको मितिले तीन महीनाभित्र कुन कुरामा मतभेद भएको हो र कुन कुरा गराई पाउन चाहेको हो भन्ने सबै व्यहोरा खुलाई सम्बन्धित पक्षले मध्यस्थछेउ आफ्नो दावी पेश गर्नु पर्नेछ र सो दावीसंग किन सहमत हुन नसकेको हो भन्ने कुरा खुलाई अर्को पक्षले आफ्नो प्रतिवाद गर्नु पर्नेछ ।

(२) उप-दफा (१) बमोजिम दावी वा प्रतिवाद गर्दा सम्बन्धित सम्झौता र सम्झौता हुनुभन्दा अघि वा पछि तत्सम्बन्धमा भएको लिखत वा पत्र व्यवहारहरू समेत पेश गर्नु पर्नेछ ।

(३) मध्यस्थतासंग सम्बन्धित पक्षहरूले कुनै कुरा साक्षीबाट प्रमाणित गर्न चाहेमा साक्षीको नाम, थर र वतनसमेत उपदफा (१) बमोजिम दिइने दावी वा प्रतिवादमा खुलाउनुपर्छ र आफ्नो साक्षी मध्यस्थले तोकेको दिनमा मध्यस्थसमक्ष उपस्थित गराउनुपर्छ ।

(४) लिखतहरू पेश गर्दा सक्कल लिखतहरूको प्रमाणित नकल पेश गर्न सकिनेछ र आवश्यकतानुसार मध्यस्थले सक्कल लिखत पछि पेश गराउन सक्नेछ ।

(५) उप-दफा (१) मा उल्लिखित म्यादभित्र दावी गर्ने पक्षबाट मध्यस्थसमक्ष कागजहरू पेश नभएमा मध्यस्थको नियुक्ति स्वतः खारेज हुनेछ र त्यस सम्बन्धमा त्यसपछि सो पक्षले मध्यस्थता सम्बन्धी कुनै कारवाई चलाउन पाउनेछैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) उप-दफा (१) मा उल्लिखित म्यादभित्र मध्यस्थसमक्ष दावी पेश भएको तर प्रतिवाद पेश नभएकोमा दावीको एकप्रति नक्कल सम्बन्धित अर्को पक्षलाई पठाई सूचना पाएका मितिले बाटाका म्याद बाहेक ७ दिनभित्र उपदफा (१) बमोजिम पेश गर्नु पर्ने कागजहरू पेश गर्न मध्यस्थले मौका दिनु पर्नेछ ।

१२. अदालतमा दायर भएको मुद्दाको लगत काट्नेः कानूनबमोजिम मिलापत्र हुन सक्ने अदालतमा दायर रहेको मुद्दाका सम्बन्धित पक्षहरूले मध्यस्थताको माध्यमबाट उक्त मुद्दा निर्णय गराउने अवसर पाउँ भनी मुद्दा दायर रहेको अदालतमा निवेदनपत्र दिएमा सो अदालतले मुद्दाको लगत काटी सम्बन्धित पक्षहरूको तारीख टुटाउने आदेश दिन सक्नेछ ।

तर देहायको अवस्थामा अदालतले मुद्दाको लगत काट्ने आदेश दिने छैनः–

(क) मध्यस्थता हुन सक्ने विषयको साथसाथै मध्यस्थता हुन नसक्ने विषयमा पनि निर्णय दिनुपर्ने अवस्था देखिएमा, वा

(ख) मध्यस्थताको माध्यमबाट विवादको निर्णय हुन उपयुक्त नदेखिएमा ।

१३. अदालतमा मुद्दा दायर हुन नसक्नेः (१) यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक सम्झौताबमोजिम मध्यस्थता हुनु पर्ने विषयमा अदालतमा मुद्दा दायर हुन सक्ने छैन ।

(२) मध्यस्थले आफ्नो निर्णय दिएपछि यो ऐनबमोजिम सो निर्णय बदर भएमा बाहेक सो निर्णयलाई असर पर्ने गरी सोही विषयमा मुद्दा दायर हुन सक्ने छैन ।

१४. मध्यस्थले निर्णय दिनु नपर्ने अवस्थाः (१) मध्यस्थता गर्नुपर्ने विषयसंग मध्यस्थले निर्णय गर्न नपाउने विषय अभिन्न रूपमा मुछिएको रहेछ भने मध्यस्थले निर्णय दिने छैन (२) उपदफा (१) बमोजिम कुनै विवादको निर्णय मध्यस्थले गर्न नहुने अवस्था देखिन आएमा मध्यस्थले सम्बन्धित पक्षहरूलाई अदालतमा उजूर गर्न जानु भनी सुनाई दिनु पर्नेछ र कुनै पक्ष अनुपस्थित भए उक्त कुरा खुलाई निजलाई सूचना दिन पर्नेछ र यसरी सुनाइएमा वा सूचना गरिएमा सम्बन्धित पक्षले ३५ दिनभित्र अदालतमा उजूर गर्नु पर्नेछ ।

१५. निर्णय दिनु पर्ने अवधिः मध्यस्थसमक्ष पेश भएको विषयमा सम्बन्धित पक्षहरूको दावी जिकीरहरू प्रस्तुत भएको मितिले साधारणतः ४५ दिनभित्र निर्णय दिनुपर्छ ।

१६. प्रतिनिधिद्वारा उपस्थित हुनेः मध्यस्थता सम्बन्धी कारवाई र मध्यस्थको निर्णयको कार्यान्वियन सम्बन्धी कारवाईमा कुनै पनि पक्ष आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुन सक्नेछ ।

१७. मध्यस्थको अधिकारः मध्यस्थको अधिकार देहायबमोजिम हुनेछः–

(क) मध्यस्थतासंग सम्बन्धित पक्षहरूलाई आफूसमक्ष उपस्थित गराउने, कागजपत्र पेश गर्न लगाउने र आवश्यकतानुसार बयान लिने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) साक्षीहरूलाई धर्म भकाई बयान लिने,

(ग) कुनै विशेषज्ञको राय लिने,

(घ) लिखतको प्रमाणित नक्कल दिने,

(ङ) मध्यस्थतासंग सम्बन्धित कुनै पक्ष विदेशी भएमा आफले दिएको निर्णय कार्यान्वयन हुन सक्ने किसिमको रकम धरौटी माग्ने वा धनजमानी लिने र बैङ्कमा राख्ने,

(च) आवश्यक देखेमा अन्तरिम आदेश जारी गर्ने,

(छ) सम्झौता गर्ने पक्षहरूले कुनै खास अधिकार प्रदान गरेकोमा सो प्रयोग गर्ने, र

(ज) शर्तयुक्त वा वैकल्पिक निर्णय दिने ।

१८. मध्यस्थको निर्णयः (१) मध्यस्थहरू दुइजनाभन्दा बढी भएमा बहुसंख्यक मध्यस्थको रायलाई मध्यस्थको निर्णय मानिनेछ र बहुसंख्यक मध्यस्थको निर्णय कार्यान्वित गरिनेछ ।

(२) मध्यस्थहरूको राय भिन्न भिन्न भई बहु मत कायम हुन नसकेमा देहायबमोजिमको व्यक्तिसमक्ष सबै रायहरू पेश गरी निजले समर्थन गरेको राय मध्यस्थको निर्णय मानिनेछः—

(क) प्रचलित नेपाल कानूनमा वा सम्झौतामा यस सम्बन्धमा कुनै खास व्यक्तिसमक्ष पेश गरिने भनी उल्लेख भएकोमा सोही व्यक्तिसमक्ष, र

(ख) प्रचलित नेपाल कानूनमा वा सम्झौतामा यस सम्बन्धमा कुनै कुरा उल्लेख नभएकोमा सम्बन्धित क्षेत्रीय अदालतका मुख्य न्यायाधीश वा निजले तोकिदिएको क्षेत्रीय अदालतको अन्य कुनै न्यायाधीशसमक्ष,

१९. निर्णयमा खुलाउनु पर्ने कुराः (१) मध्यस्थले आफ्नो निर्णयमा देहायका कुराहरू स्पष्ट उल्लेख गर्नुपर्छः—

(क) मध्यस्थता गर्न सुम्पिएको विषयको छोटकरी विवरण,

(ख) मध्यस्थको ठहर र उक्त ठहरमा पुग्न आधार लिएका कुराहरू,

(ग) भरिभराउ वा क्षतिपूर्ति गरी दिनु पर्ने कुरा वा रकम ।

(२) मध्यस्थले आफ्नो निर्णयको प्रत्येक पानामा छोटकरी सही गरी आखिरी पानामा आफ्नो पूरा नाम, ठेगाना र मिति उल्लेख गरी सही गर्नुपर्छ ।

(३) मध्यस्थले सम्बन्धित सबै पक्षहरूका समक्ष निर्णय पढी सुनाउनुपर्छ र निर्णय सुन्ने पक्षहरूको सही गराई राख्नुपर्छ । कुनै पक्ष निर्णय सुनाउन तोकिएको समयमा अनुपस्थित रहेमा निर्णयको प्रमाणित नक्कल समावेश गरी निजलाई सूचना गर्नुपर्छ ।

२०. निर्णयउपर पुनः विचार हुन सक्ने अवस्थाः मध्यस्थले आफूलाई सुम्पिएको विषयमा एक पटक निर्णय सुनाएपछि सोही विषयमा पुनः दोहोऱ्याई निर्णय गर्नु हुँदैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१

(नियम ३ को उपनियम (१) संग सम्बन्धित)

औषधि उद्योग स्थापनाको सिफारिशपत्रको लागि दरखास्त

श्री व्यवस्थापक,
औषधि व्यवस्था विभाग।

विषयः– औषधि उद्योग स्थापनाको लागि सिफारिशपत्र पाउँ।

महोदय,

देहायको औषधि उद्योग स्थापना गर्न मेरो। हाम्रो इच्छा भएकोले सोको सिफारिशपत्र लिनको लागि देहायका विवरणहरू खुलाई मैले। हामीले रू. १।– को टिकट टाँसी दरखास्त पेश गरेको छु। गरेका छौं।

१. प्रस्तावित औषधि उद्योगकोः–

(क) नाम... ... ... ... ... ...

(ख) स्थापना गरिने ठाउँ... ... ... ...

(जिल्ला तथा पञ्चायतको नाम र वडानम्बरसमेत खुलाउने)

(ग) अनुमानित पूँजी र सो पूँजीको स्रोत... ... ... ...

(घ) स्थापना सम्बन्धमा गरिएको प्रारम्भिक अध्ययन प्रतिवेदन संलग्न छ। छैन

(ङ) स्थापना गरिने क्षेत्र समेत देखाइएको योजनाको नाप नक्शा संलग्न छ। छैन

२.

| सि.नं. | प्रस्तावित उद्योगबाट उत्पादन गरिने औषधिको | | | | |
|---|---|---|---|---|---|
| | नाम | प्रणाली (एलोप्याथिक, होमियोप्याथिक, आयुर्वेदीक, यूनानी आदि) के हो खुलाउने। | समूह वा उपसमूह | बनावट टाब्लेट, इन्जेक्शन, क्याप्सूल, आदि के हो खुलाउने। | कैफियत |
| | | | | | |

३. प्रस्तावित उद्योगबाट औषधि उत्पादन गर्नको लागि :–

(क) आवश्यक कच्चा पदार्थको विवरण र त्यसको स्रोत... ... ... ...

(ख) मेशीन आवश्यक छ। छैन। छ भने सम्भव भएसम्मको विवरण....

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०४

(ग) सम्झौताका शर्तहरूमा मात्र निर्णय सीमित रहेको छ भने, र

(घ) जुन मुलुकमा निर्णय भएको हो सो मुलुकको कानूनबमोजिम सो निर्णय अन्तिम हुन गएको छ भने ।

(२) विदेशमा भएको निर्णय नेपाल अधिराज्यमा कार्यान्वित गरी पाउँ भन्ने पक्षले सम्बन्धित क्षेत्रीय अदालतमा निवेदन दिनुपर्छ र उपदफा (१) मा उल्लेखित शर्तहरू पूरा भएको छ भन्ने कुरामा क्षेत्रीय अदालत सन्तुष्ट भएमा निर्णय कार्यान्वित गरी दिनु भनी सम्बन्धित जिल्ला अदालतमा पठाई दिनुपर्छ ।

(३) जिल्ला अदालतले उप-दफा (२) बमोजिम निर्णय प्राप्त गरेपछि उक्त निर्णयलाई आफ्नो निर्णय सरह कार्यान्वित गरी दिनुपर्छ ।

(४) यस दफाको अन्य उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित नेपाल कानूनबमोजिम नेपाल अधिराज्यमा भएको मध्यस्थको निर्णय कार्यान्वित नगर्ने विदेशी मुलुकमा भएको मध्यस्थताको निर्णय नेपाल अधिराज्यमा कार्यान्वित गरिने छैन ।

२५. मध्यस्थता सम्बन्धी कारवाईमा लाग्ने खर्चः (१) मध्यस्थता गराउने सम्बन्धित पक्षले आफ्नो लिखतहरू मध्यस्थसमक्ष पेश गर्दा खर्चको लागि मनासिब रकमसमेत मध्यस्थलाई बुझाउनुपर्छ । सो रकम मध्यस्थता सम्बन्धी कारवाईमा लाग्ने आवश्यक खर्चको लागि प्रयोग गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त रकमबाट खर्च नपुगेमा मध्यस्थले सम्बन्धित पक्षहरूबाट समान हिसाबले आवश्यक खर्चको लागि अरू रकम उठाउन सक्नेछ ।

२६. मध्यस्थता सम्बन्धी कामको फाँटवारी र मध्यस्थको पारिश्रमिकः (१) मध्यस्थले मध्यस्थता सम्बन्धी कारवाई हुने दिन के काम गरेको हो र कति घण्टा उक्त काममा लगाएको हो सो स्पष्ट खुल्ने गरी एउटा फाँटवारी खडा गरी मिसिल सामेल राख्नुपर्छ ।

(२) सम्झौतामा मध्यस्थको पारिश्रमिक उल्लेख नभएको अवस्थामा प्रत्येक मध्यस्थले मध्यस्थता सम्बन्धी काम गरेको प्रत्येक दिनको रू. २५०।– का दरले हुने रकम मध्यस्थतासंग सम्बन्धित पक्षहरूबाट निर्णय हुँदाको बखत वा त्यसपछि दामासाहीले लिन सक्नेछ ।

(३) मध्यस्थले आफ्नो निर्णय कार्यान्वित गर्ने सिलसिलामा कुनै एक पक्षबाट अर्को पक्षलाई कुनै रकम भरिभराउ गराई दिंदा उक्त रकमको दुई प्रतिशतका दरले हुने रकम भरी पाउनेबाट असूल गर्न सक्नेछ । एकभन्दा बढी मध्यस्थहरू भएको अवस्थामा सो रकम मध्यस्थहरूले बराबरको दरले बाँड्नु पर्नेछ ।

(४) उप-दफा (२) र (३) मा जेसुकै लेखिएको भए तापनि मध्यस्थता गराउने पक्षहरू र मध्यस्थको बीचमा पारिश्रमिक सम्बन्धी छुट्टै सम्झौता भएमा सम्झौताबमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपदफा (२), (३) र (४) बमोजिम मध्यस्थले आफ्नो पारिश्रमिक सम्बन्धित पक्षहरूबाट प्राप्त गर्न नसकेमा जिल्ला अदालतमा निवेदन दिनुपर्छ र त्यस्तो निवेदन परेमा जिल्ला अदालतले आफ्नो दण्ड जरीवाना असूल गरे सरह गरी निजको पारिश्रमिक असूल गरी मध्यस्थलाई बुझाई दिनुपर्छ ।

२७. सूचनाः (१) मध्यस्थतासंग सम्बन्धित पक्षहरूले एक अर्कोसंग सम्पर्क राख्नका लागि वा सम्बन्धित पक्षहरूले मध्यस्थसंग वा मध्यस्थले सम्बन्धित पक्षहरूसंग सम्पर्क राख्नका लागि आ-आफ्नो नाम ठेगाना लिनु दिनु गर्नु पर्नेछ र सोही ठेगानामा लेखापढी गर्नु पर्नेछ ।

(२) मध्यस्थता सम्बन्धी कारवाईमा सम्बन्धित पक्षहरूको बीच वा मध्यस्थ र सम्बन्धित पक्षको बीच हुलाकमा रजिष्टरी गरिएको पत्रको माध्यमबाट पनि सम्पर्क राख्न सकिनेछ र यसरी पत्र दर्ता भए पछि मुनासिब समयमा सम्बन्धित व्यक्तिले पाएको मानिनेछ ।

२८. मिसिलः (१) मध्यस्थले सम्बन्धित पक्षहरूलाई गराएको बयान र निजहरूबाट लिएको लिखत तथा प्रमाणहरू मिति र समय जनाई मिसिलमा सिलसिलेवार तरीकाबाट राख्नुपर्छ ।

(२) मध्यस्थता सम्बन्धी कारवाई अन्तिम भएपछि मिसिल स्थानीय जिल्ला अदालतमा सुरक्षित रूपमा राख्न पठाइनेछ ।

२९. हकवालामाथि हक दायित्व सर्ने: मध्यस्थतासंग सम्बन्धित कुनै पक्षको मृत्यु भएमा वा त्यस्ता कुनै पक्ष बेपत्ता भएमा वा बहुलाएमा प्रचलित नेपाल कानूनबमोजिम सो पक्षको हकवालामाथि निजको सम्पूर्ण हक र दायित्व सर्नेछ ।

३०. कानून व्यवसायीको उपस्थितिः मध्यस्थतासंग सम्बन्धित पक्षको तर्फबाट कानून व्यवसायी उपस्थित भई मध्यस्थसमक्ष बहस पैरवि गर्न सक्नेछ ।

३१. अरूमा प्रचलित कानूनबमोजिम हुनेः मध्यस्थता सम्बन्धमा प्रचलित नेपाल कानूनमा विशेष व्यवस्था भएकोमा सोहीबमोजिम र अरूमा यो ऐनबमोजिमको व्यवस्था लागू हुनेछ ।

आज्ञाले–
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।